**February 20th, 2026 Friday**

**आकाशवाणी**

**प्रमुख समाचार:**

१. भारत र संयुक्त राज्य अमेरिकाबीच प्याक्स सिलिका घोषणापत्रमा हस्ताक्षर

२. भारतले अर्धचालक र इलेक्ट्रोनिक्स उद्योगमा अग्रणी भूमिका खेल्ने सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवको भनाइ

३. गृहमन्त्री अमित शाहद्वारा आसामको काचर जिल्लामा जीवन्त गाउँ कार्यक्रमको दोस्रो चरणको सुरुवात

४. अनि आईसीसी टी-२० क्रिकेट विश्वकपमा, अष्ट्रेलियाले ओमानको सामना गर्दै

--------

१. India – USA- AI Summit

भारत र संयुक्त राज्य अमेरिकाले आज नयाँ दिल्लीमा भारत एआई इम्प्याक्ट समिटमा प्याक्स सिलिका घोषणापत्रमा हस्ताक्षर गरेका छन्। यो घोषणापत्रले महत्वपूर्ण खनिज र अर्धचालकको उत्पादनमा, साथै कृत्रिम बुद्धिमत्ताको द्रुत रूपमा विकास भइरहेको क्षेत्रमा सहयोगलाई बलियो बनाउनेछ। यस अवसरमा, केन्द्रीय इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, भारतले अर्धचालक र इलेक्ट्रोनिक्स उद्योगहरूमा अग्रणी भूमिका खेल्ने लक्ष्य राखेको छ।

यस अवसरमा, भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरले व्यापार सम्झौतादेखि प्याक्स सिलिका र रक्षा सहयोगसम्म दुई देशहरू बीच सहयोगका अवसरहरू विस्तार भएको बताउनुभयो ।

२. Sundai Pichai – Pax Silica

गुगल र अल्फाबेटका सीईओ सुन्दर पिचाईले भन्नुभयो,  भारत र संयुक्त राज्य अमेरिकालाई जोड्ने बिन्दुको रूपमा सेवा गर्न पाउँदा गुगल गर्व गर्छ। उहाँ नयाँ दिल्लीमा भारत एआई इम्प्याक्ट शिखर सम्मेलनमा भारत र संयुक्त राज्य अमेरिका बीच प्याक्स सिलिका घोषणापत्रमा हस्ताक्षर गर्ने क्रममा सम्बोधन गर्दै हुनुहुन्थ्यो। श्री पिचाईले भन्नुभयो,

३. PM – Bilateral Meetings

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा भारत एआई इम्प्याक्ट शिखर सम्मेलनको दौडान लिक्टेनस्टाइनका राजकुमार एलोइस, स्लोभाक गणराज्यका राष्ट्रपति पिटर पेलेग्रिनी, श्रीलंकाका राष्ट्रपति अनुअर कुमार दिसानायके, मौरिससका प्रधानमन्त्री नवीनचन्द्र रामगुलाम अनि संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेससँग भेटवार्ता गर्नुभयो।

४. MEA PAX Silica

विदेश मन्त्रालयले नयाँ दिल्लीमा एआई इम्प्याक्ट शिखर सम्मेलनको क्रममा भारत-अमेरिका एआई अवसर साझेदारी र प्याक्स सिलिका घोषणापत्रमा हस्ताक्षर हुनुलाई दुई देशहरू बीचको अर्को कोसेढुङ्गाको रूपमा वर्णन गरेको छ।

५. Sindhia – Brazil

सञ्चारमन्त्री ज्योतिरादित्य सिन्धियाले आज नयाँ दिल्लीमा ब्राजिलका सञ्चारमन्त्री फेडेरिको डे सेकेइरा फिल्होसँग भेट गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री सिन्धियाले भारत र ब्राजिल आफ्नो महत्त्वपूर्ण डिजिटल साझेदारीलाई अझ सुदृढ पार्न, संयुक्त रूपमा कनेक्टिभिटी विस्तार गर्न र प्रत्येक नागरिकलाई किफायती डिजिटल पहुँच प्रदान गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

६. Shah – Assam

गृहमन्त्री अमित शाहले आज आसामको काचर जिल्लामा जीवन्त गाउँ कार्यक्रमको दोस्रो चरणको सुरुवात गर्नुभयो। यो कार्यक्रम सीमावर्ती गाउँहरू सुधार गर्ने र जीविकोपार्जनका अवसरहरू सिर्जना गर्ने कुरामा केन्द्रित छ। यसले विकसित भारत २०४७ को परिकल्पना अनुरूप सुरक्षित सीमावर्ती समुदायहरूलाई प्रवर्द्धन गर्दछ।

७. Goel – Export Promotion

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आगामी २५ वर्षमा देशको सबैभन्दा तीव्र गतिमा बढ्दो अर्थतन्त्रलाई कायम राख्न निर्यातले महत्वपूर्ण भूमिका खेल्ने र यस सन्दर्भमा भारत सही बाटोमा रहेको बताउनुभयो । उहाँले नयाँ दिल्लीमा निर्यात प्रवर्द्धन मिसन अन्तर्गत थप सात कार्यक्रमहरू सुरु गर्दै यस्तो आशयको जानकारी दिनुभएको हो। यी कार्यक्रमहरूले सूक्ष्म, साना र मझौला उद्यम क्षेत्रबाट निर्यातलाई सुदृढ पार्ने लक्ष्य राखेका छन्।

८. Shiva Raj Singh - Brazil

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा ब्राजिलका कृषि मन्त्री कार्लोस फाभारोसँग भेट गर्नुभयो। मिडियासँग कुरा गर्दै श्री चौहानले बैठकको क्रममा ब्राजिलका कृषि मन्त्री र उहाँको टोलीसँग कृषि क्षेत्रको बारेमा उपयोगी छलफल भएको जानकारी दिनुभयो।

९. Centre Releases Fund

केन्द्र सरकारले आर्थिक वर्ष २०२५-२६ मा गोवा, मेघालय, सिक्किम र उत्तराखण्ड राज्यहरूमा पञ्चायती राज संस्थाहरू (PRIs)/ग्रामीण

स्थानीय निकायहरू (RLBs) का लागि पन्ध्रौं वित्त आयोग (XV-FC) खुला अनुदान जारी गरेको छ। उल्लेख्य, भारत सरकारले पञ्चायती राज मन्त्रालय र जल शक्ति मन्त्रालय (पिउने पानी तथा सरसफाइ विभाग) मार्फत ग्रामीण स्थानीय निकायहरूका लागि राज्यहरूलाई पन्ध्रौं वित्त आयोग अनुदान जारी गर्न सिफारिस गर्ने प्रावधान रहेको छ। तत्पश्चात्  वित्त मन्त्रालयद्वारा अनुदार जारी गरिन्छ।

१०. EC - SIR

चुनाव आयोगले २२ राज्य र केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूलाई आगामी विशेष गहन संशोधन (SIR) को तयारी पूरा गर्न निर्देशन दिएको छ। आयोगले यी राज्य र केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूलाई तयारी कार्य पूरा गर्न भनेको छ। केरलामा मतदाता सूचीको विशेष गहन संशोधन भोलि सम्पन्न हुनेछ।

११. Arunachal Pradesh, Mizoram – Foundation Day

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले आज अरुणाचल प्रदेश र मिजोरमलाई स्थापना दिवसको शुभकामना दिनुभएको छ।

१२. J & K- Security

जम्मू कश्मीरका सुरक्षा बलहरूले हिजो राजौरी जिल्लाको सुन्दरबनी क्षेत्रमा नियन्त्रण रेखा नजिकै घुसपैठको प्रयासलाई विफल पारे। हाम्रा जम्मू संवाददाताले सामाजिक सञ्जाल पोस्टलाई उद्धृत गर्दै जनाएअनुसार  विशिष्ट गुप्तचर सूचनाको आधारमा नाथुआ टिब्बा क्षेत्रमा शंकास्पद आतंकवादी

गतिविधि देखिएपछि  ह्वाइट नाइट कोर्प्सका सतर्क सेनाहरूले द्रुत गतिमा काम गरेर घुसपैठको प्रयासलाई विफल पारेका थिए।

१३. Sports News

अब खेल प्रसंगः अस्ट्रेलियाले आज आईसीसी पुरुष टी-२० क्रिकेट विश्वकपको अन्तिम समूह बी खेलमा ओमानसँग खेल्नेछ। खेल श्रीलंकाको पल्लेकेलेमा भारतीय समय अनुसार साँझ ७:०० बजे सुरु हुने बताइएको छ। यद्यपि, यस खेलको नतिजाले कुनै प्रभाव पार्ने छैन किनकि दुवै टोली प्रतियोगिताबाट बाहिरिईसकेका छन्। जिम्बाब्वे र श्रीलंका समूह बी बाट सुपर आठ चरणको लागि छनोट भइसकेका छन्।

--------